# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।६।७
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल भाद्र महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।५।१४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री विवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १(एक)**

यस नगरपालिकाको निर्धारित कार्य योजना अनुसार न.पा. मा दर्ता भएका घुम्ति ठेलाको नविकरण एवम दर्ता गर्ने सम्बन्धमा छलफल हुँदा यस पूर्व एकै व्यक्तिको नाममा २०/२५ वटा ठेला दर्ता भएको देखिएकोले अन्य नागरिकहरु ठेला दर्ता गराउनबाट बन्चित रहेको हुँदा अव उप्रान्त २०७१ श्रावण १ गते देखि लागु हुने गरी एक व्यक्ति एक घुम्ति ठेला दर्ता एवम नविकरण गर्ने निर्णय गरियो ।


**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७०/०७१ मा तर्जुमा गरेको विकास नीति योजना तथा कार्यक्रम एवम नगरपालिकाबाट प्रवाहित सेवाले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेको योगदानको समग्र लेखा जोखा विश्लेषण तथा मूल्याँङ्कन गरी स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम सामाजिक परीक्षणको प्रारम्भिक कार्य सम्पन्न गरी भैरहवा मिडिया प्रा.लि. द्धारा मिति २०७१।५।४ मा पेश भएको प्रारम्भिक प्रतिवेदनलाई मिति २०७१।५।५ गते ११.०० बजे सि.न.पा.को सभागृहमा आयोजना गरिएको भेलामा वृहत छलफलका लागी प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को परिच्छेद ९ दफा १४९ मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्दा अनिवार्य रुपमा स्वीकृत लिनु पर्ने कानुनी व्यवस्था भए अनुरुप नगरपरिषदबाट तोकिएको दरमा भवन निर्माण अनुमती शुल्क लिई भवन निर्माण अनुमति दिने गरिएको छ । नगरपालिका भित्र नाफाको उद्देश्य नराखी सामाजिक सेवाको उद्देश्यले स्थापना हुने सामाजिक संघ संस्था (धार्मिक, सास्कृतिक तथा सेवामुलक) हरुले आफ्नो कार्यालय भवन निर्माण गर्दा नगरपालिकाको सवीकृती अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था भए अनुसार त्यस्ता संघ संस्थाहरुलाई भवन निर्माणको लागी न.पा. मा भवनको Drowing Design पेश गर्न लगाई प्रकृया पुरा गरी नक्सा पास गरी दिने व्यवस्था गर्ने र सेवा शुल्कको हकमा पछि नगरपरिषदबाट अनुमोदन हुने गरी निशुल्क गर्ने निर्णय गरियो ।

**मिति २०७१।५।६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत सहरी विकास आयोजना अन्तर्गत सतह ढल निर्माण (Storm Water Drainage) र सडक सुधार परियोजना (Road Improvement Sub-project) को Bidding Documents स्वीकृत भई Comments हरु Incorporate गरी बोलपत्र आहवानको पत्र सहित पेश गर्नु भनि च.नं. ५८।०७१-७२।४४ मिति २१ अगष्ट २०१४ को पत्रद्वारा आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौबाट लेखि आएकोले Comments हरु Incorporate गरी तयार भएको Finalized Bid Document स्वीकृत गरी बोलपत्र आव्हानको पत्र सहित आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत सहरी विकास आयोजना अन्तर्गत सतह ढल निर्माण (Storm Water Drainage) र सडक सुधार परियोजना (Road Improvement Sub-project) को Bidding Document र ल.ई. रकम रु. ८७,६५,३७,३१०।३३ (VAT, Price & Physical Contingencies समेत) गरी स्वीकृत भएको भनी च.नं. ५८।०७१-७२।४४ मिति २१ अगष्ट २०१४ को पत्रद्वारा आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौबाट लेखि आएकोले सतह ढल निर्माण (Storm Water Drainage) र सडक सुधार परियोजना (Road Improvement Sub-project) को ल.ई. रकम रु. ८७,६५,३७,३१०।३३ (VAT, Price & Physical Contingencies समेत) स्वीकृत गरी बोलपत्र आहवान गर्ने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाको अध्यावधिक पृष्ठ १७ को Comprehensive Financial Management Improvement Plan (CFMIP) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

14 April 2014 मा Design and Supervision Consultant (DSC), GOEC Nepal Pvt. Ltd. JV with Technocrat Consultancy ले पेश गरेको पृष्ठ २४ को Business Plan of Siddharthanagar Municipality स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

***आयोजनाको लागि ऋण स्विकार गर्ने सम्बन्धमा ।***

नेपाल सरकार र एसियाली बिकास बैक बिच सम्पन्न ऋण सम्झौता, नगर बिकास कोष र सिद्धार्थनगर, नेपालगंज, धरान र जनकपुर नगरपालिका तथा एसियाली बिकास बैक बीचमा भएको आयोजना सम्झौता (Project Agreement) तथा नेपाल सरकार र नगर विकास कोष बिचमा भएको सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement) का आधारमा एकीकृत सहरी विकास आयोजना अन्तर्गत यस नगरपालिकामा प्रस्तावित Storm Water Drainage & Road Improvement Sub-project निर्माण तथा सुधारको लागि निर्माण लागतको ८० प्रतिशत् रकम नेपाल सरकारले अनुदान स्वरुप उपलब्ध गराउने, ५ प्रतिशत् रकम नगरपालिकाले आफ्नो श्रोत एवं आयोजना क्षेत्रका सम्बन्धित उपभोक्ताहरुबाट समेत लागत सहभागिता जुटाई व्यहोर्ने र १५ प्रतिशत् रकम नगर विकास कोषले नगरपालिकालाई ऋणको रुपमा उपलब्ध गराउने व्यवस्था भए बमोजिम, यस नगरपालिकामा निर्माण एवं संचालन हुन प्रस्तावित Storm Water Drainage & Road Improvement Sub-project निर्माण/सुधारको लागि आयोजनाको बिस्तृत डिजाईन गर्न नियुक्त परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन अनुसारको कूल अनुमानित लागत रु. ८७,६५,३७,३१०।३३ (अक्षरेपी सतासी करोड पैसठी लाख सैतिस हजार तीन सय दश र पैसा तेत्तीस मात्र) को १५ प्रतिशत् बराबरले हुने रकम रु. १३,१४,८०,५९६।५५ ( अक्षरेपी तेह्र करोड चौध लाख असी हजार पाँच सय छयानब्बे र पैसा पचपन्न मात्र) बार्षिक ५ प्रतिशत् ब्याजदरमा ५ बर्षको सहुलियत अबधि सहित २० बर्ष भित्र तिर्ने गरी नगर बिकास कोषबाट ऋण लिने निर्णय गरियो । वास्तविक ऋण रकम उक्त आयोजनाको निर्माणको लागि हुने ठेक्का रकम (Contract Amount) भन्दा कम भएमा सोही रकमको १५ प्रतिशत् ले हुने रकम मात्र उक्त कोषसंग ऋण स्विकार गरि उक्त ऋण रकम उपलब्ध गराइ दिन कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

**परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) अनुमोदन एवं ग्रहण गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ मा प्रस्तावित आयोजनाको बिस्तृत डिजाईनको लागि नियुक्त परामर्शदाता GOEC Nepal Pvt. Ltd. JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu ले यस नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन नगर विकास कोषमा मूल्याकंनका लागि पेश गरिएकोमा कोषबाट दिइएका सुझावहरु समेतलाई समावेश गरि उक्त संशोधित प्रतिवेदन स्विकृत गरियो । साथै नगर बिकास कोषका तर्फबाट दिइएका सुझावहरुलाई न.पा.को स्वीकृतिमा निर्माण व्यवसायी (Contractor) संग गरिने सम्झौताका समयमा तथा आयोजनाको निर्माण चरणमा प्राबिधिक दृष्टिकोण तथा आयोजनास्थलको माग अनुसार लागु गर्न सहमती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

**आयोजनाबाट निर्मित संरचनाको संचालन/मर्मत तथा संभार खर्च र ऋणको सावां व्याज भुक्तानीको शर्त तथा आयोजना निर्माणमा सहभागिता गराई उपभोक्तामा स्वामित्वको भावना जगाउन उपभोक्ताबाट सेवा शुल्क उठाउने सम्बन्धमा ।**



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

नगरपालिकाको लागि परामर्शदाताले तयार गरि प्राप्त हुन आएको व्यवसायिक योजना (Business Plan) मा प्रस्तावित संरचनाको संचालन/मर्मत तथा संभार खर्च र ऋणको सावांव्याज भुक्तानीको लागि आवश्यक रकम उपभोक्ताबाट उठाउन आवश्यक हुने मासिक/बार्षिक शुल्क (Fee) को दर नगरक्षेत्रका लाभान्वित बासिन्दाहरुसंग भएको छलफल/अन्तरकृयाका आधारमा सवै घरधुरीबाट निम्नानुसारको दरमा उठाउने निर्णय गरियो ।

सतह ढल निर्माण (Storm Water Drainage) बापत रु. ७०।- प्रति महिना प्रति घर धुरी ।
सडक निर्माण (Road & Lane) बापत रु. ८०।- प्रति महिना प्रति घर धुरी ।

उपरोक्त शुल्क उठाउने सम्बन्धमा नगरपालिकाले व्यवहारिकतालाई समेत ध्यान दिई सो शुल्क छुट्टै उठाउने वा एकीकृत सम्पति करमा समावेश गरि उठाउने बिषय र शुल्कको दर हाल एउटामात्र प्रस्तावित गरिएको भएता पनि नगरवासीहरुको आयस्तर वा एकीकृत सम्पतिकरका आधारमा माथी प्रस्तावित दरअनुसारले उठ्ने भन्दा कम रकम नउठ्ने गरि शुल्क उठाउने सम्बन्धमा आयोजनाको कार्य ५० प्रतिशत् सम्पन्न हुनु अगावै कोष, सम्बन्धित निकाय, उपभोक्ता एवं सम्बन्धित बिशेषज्ञहरु संग आवश्यक परामर्श एवं सहमती लिई निर्णय लिइने व्यहोरा ऋण सम्झौता हुनु अगावै कोष समक्ष जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ८(आठ)**

***ESCROW Account सम्बन्धमा ।***

आयोजनाबाट निर्मित संरचनाको संचालन/मर्मत तथा संभार खर्च र ऋणको साँवांव्याज भुक्तानीको लागि उपभोक्ताबाट उठाईने रकम नगर बिकास कोषको ऋणको सावां ब्याज भुक्तानीको लागि ऋण सम्झौताको पुर्नभुक्तानी तालिका (Repayment Schedule) मा निर्धारित समयमा भुक्तानीमा सहज होस भन्ने उद्येश्यबाट यस अघि कोष, नगरपालिका तथा एकीकृत सहरी बिकास आयोजना संग सम्बद्ध बिभिन्न निकायहरु बीच भएका छलफल समेतको आधारमा प्रचलित कानून अनुसार कोषसंगको सम्झौता बमोजिम हुने गरि ***ESCROW Account*** खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ९(नौ)**

***त्रिपक्षीय सम्झौता गर्ने तथा अख्तियारी प्रत्यायोजन सम्बन्धमा ।***

एकीकृत सहरी बिकास आयोजना अन्तर्गत यस नगरपालिका क्षेत्रमा Storm Water Drainage & Road Improvement Sub-project निर्माण/सुधारको लागि आयोजना समन्वय कार्यालय, नगर बिकास कोष र यस सिद्धार्थनगर नगरपालिका बिच हुने त्रिपक्षीय सम्झौताको प्रस्तावित मस्यौदा उपर अध्ययन एवं छलफल गरी अनुमोदन गरियो साथै परियोजना निर्माण एवं संचालनका लागि आयोजना समन्वय कार्यालय, नगर विकास कोष र यस नगरपालिका बीच गरिने त्रिपक्षीय सम्झौता/ऋण सम्झौता गर्न यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राईलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १०(दश)**

नेपाली हिन्दु महिलाहरुको महानपर्व हरितालिका तीजको अवसरमा **मौलिक सस्कृति र महिला अधिकारका लागी तीज** विषयमा अन्तरक्रिया कार्यक्रम गर्नका लागी सञ्चारिका समुह लुम्बिनी रुपन्देहीद्धारा मिति २०७१।५।३ मा कार्यक्रमको प्रस्ताव पेश भए अनुसार सो कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल रकम रु ४०,०००।– (चालिस हजार) मध्ये न.पा. को तर्फबाट रु २५,०००।- (पच्चिस हजार) कार्यक्रम खर्च वापत महिला सशक्तिकरण उप शिर्षकबाट दिने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ११(एघार)**

हिन्दु नारीहरुको महानपर्व हरितालिका तीज २०७१ को अवसरमा महिला संग सम्बन्धित सम सामयिक विषयवस्तु **शिक्षा र महिला, स्वास्थ्य र महिला, शान्ति स्थापनामा महिला, बाल विवाह, महिला हिंसा** विषय वस्तुमा आधारित खुल्ला तीज गीत प्रतियोगिता कार्यक्रम गर्नका लागी महिला सशक्तिकरण संचार समुह रुपन्देही, सिद्धार्थनगर द्वारा मिति २०७१।४।१४ मा कार्यक्रमको प्रस्ताव पेश भए अनुसार सो कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल रकम रु ६५,०००।– पैसठ्ठी हजार मध्ये न.पा. को तर्फबाट रु २५,०००।- (पच्चिस हजार) कार्यक्रम खर्च बापत महिला सशक्तिकरण उप शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. १२(वाह्र)**

नगरपालिका क्षेत्रभित्र संयुक्त बजार अनुगमन निर्देशिका २०६९ बमोजिम नगरपालिकाको संयोजनमा बजार अनुगमनमा खटिने सम्बन्धित कार्यालय तथा संघ संस्थाको प्रतिनीधि कर्मचारीहरुलाई निर्देशिकामा खाना खर्च वापत भत्ता दिन सकिने व्यवस्था भए अनुसार प्रति दिन प्रति कर्मचारीलाई खाना खर्च वापत रु ३००।- (तिन सय) मात्र दिने निर्णय गरियो ।

**मिति २०७१।५।२९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**
सामाजिक परिचालन दिग्दर्शन २०७१ मा भएको व्यवस्था अनुसार सिद्धार्थनगर नगरपालिका क्षेत्रमा निम्नानुसारको नगर सामाजिक परिचालन समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**गठित समिति**

| | |
|---|---|
| १. नगरपालिकाको सामाजिक विकास समितिका संयोजक (निर्वाचन जनप्रतिनीधि वहाल नभएसम्मका लागि कार्यकारी अधिकृत) | संयोजक |
| २. नगरपालिका कार्यकारी अधिकृत | सदस्य |
| ३. संयोजकले तोकेको विषयगत कार्यालयका अधिकृत स्तर प्रतिनीधि– २ | सदस्य |
| ४. नगर लैङ्गीय समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनीधि – १ | सदस्य |
| ५. नगरबाल मैत्री स्थानीय शासन समितिबाट प्रतिनीधि – १ | सदस्य |
| ६. नगरस्तरिय बातावरण मैत्री स्थानीय शासन समितिका प्रतिनीधि – १ | सदस्य |
| ७. जिल्ला/नगर स्तरिय गैरसरकारी संस्था महासंघहरु मध्येबाट एक जना महिला सहित बढीमा –२ जना प्रतिनीधि | सदस्य |
| ८. वडा नगारिक मन्च मध्येबाट कम्तिमा एक महिला सहित प्रतिनीधि – २ | सदस्य |
| ९. जेष्ठ नागरिकका प्रतिनीधि (एक जना महिला र एक जना पुरुष) – २ | सदस्य |
| १० नगर शासन विज्ञ | सदस्य |
| ११. नगरपालिका सामाजिक विकास शाखा प्रमुख | सदस्य- सचिव |

**कुल जम्मा १५ पन्ध्र जना**


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाले मिति २०७१।५।५ मा सम्पन्न गरेको सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन प्राप्त भई जानकारी भयो । सो प्रतिवेदनमा समावेश भएका सुझावहरुलाई आगामी नगरपरिषदमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाको सिद्धार्थ बाल उद्यान व्यवस्थापन तथा सञ्चालनका लागि २०७१।२।२६ मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना अनुसार पर्न आएका चार वटा प्रस्ताव र सोही राष्ट्रिय दैनिकमा मिति २०७१।१।२४ मा प्रथम पटक प्रकाशित सूचना अनुसार पर्न आएको एक वटा प्रस्ताव गरी जम्मा पाँच वटा प्रस्तावलाई विश्लेषण गर्दा तपसिल बमोजिम तुलनात्मक तालिका अनुसार प्रस्तावदाता ले न.पा. लाई लिज वापतको बुझाउने रकम उल्लेख गरी त्यस मध्ये दुई वटा प्रस्ताव दाताले भौतिक पूर्वाधार विकासको लागि सोही तुलनात्मक तालिकामा उल्लेख गरे अनुसार लगानी गर्न ईच्छुक रहेको भनी प्रस्ताव पर्न आएका प्रस्ताव दाताहरुको क्षमता, न.पा.लाई लिज अवधिमा हुने आम्दानी र प्रस्तावदाताले लिज अवधिमा गर्ने भौतिक पूर्वाधार विकास समेतलाई मध्ये नजर गर्दा श्री शुभओम इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. ले बीस बर्षको अवधिमा सबै भन्दा बढी रु. ३२,५०,०००।- (अक्षरेपी बत्तीस लाखपचास हजार मात्र) न.पा.लाई बुझाउने र १,३५,००,०००।- (अक्षरेपी एक करोड पैतीस लाख मात्र) बराबरको चिल्ड्रेन पार्कको भौतिक पूर्वाधारमा लगानी गर्ने भन्ने प्रस्ताव सार्वजनिक खरीद ऐन, २०६३, को दफा ३३ र सोही ऐनको दफा ३५ अनुसार उपयुक्त देखिएकोले सोही ऐनको दफा ३८ (३) अनुसार श्री शुभओम इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को प्रस्ताव छनौट हुन मूल्यांकन समितिबाट पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**तुलनात्मक तालिका**

Children Park, Ward No. 6, Siddharthanagar

| S. N. | Description | Samuhik Bidhyalaya Pariwar | Shubha Om Investment Company P. Ltd. Si.Na.Pa.-8 | Gopa Upadhyaya Ward No. 8 Mahabir Path | Pritam Rauniyar Si.Na.Pa.-4 | Dhiraj Kumar Mallik |
|---|---|---|---|---|---|---|
| 1 | Revenue to Municipality in 15 yrs. to 20 yrs. | 2,500,000.00 (for 20 yrs.) | 3,250,000.00 (for 20 yrs.) | 1,127,999.00 (for 15 yrs.) | 1,100,000.00 (for 15 yrs.) | 1,227,100.00 (for 15 yrs.) |
| 2 | Infrastructure development cost | 13,300,000.00 | 13,500,000.00 | not mentioned | not mentioned | not mentioned |

**निर्णय नं. ४(चार)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालित एकिकृत शहरी विकास आयोजना अन्तरगत निर्माण हुने फोहोरमैला प्रशोधन केन्द्र सम्म जाने वैकल्पिक मार्ग बनाउन जग्गा अधिग्रहण गरी खरीद गर्न गत आ.ब. २०७०/७१ मा नै जगेडा कोषबाट योजना स्वीकृत भई आएकोमा जग्गा अधिग्रहण गर्ने प्रकृया केहि लम्बिन गएकोले हाल मुआव्जा निर्धारण समितिबाट निर्णय भए अनुसारको मुआव्जा रकम रु ३२,५६,५६२।५० (अक्षेरुपी वत्तिस लाख छपन्न हजार पाँच



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

सय वैसठ्ठी रुपिया पैसा पचास) मध्ये जगेडा कोषबाट व्यहोर्ने ८० प्रतिशतले हुन आउने रकम रु २६,०५,२५०।०० (अक्षेरुपी छव्वीस लाख पाँच हजार दुई सय पचास मात्र) निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

यस नगरपालिकाले २०७० साल श्रावण देखि भवन संहिता प्रभावकारी रुपमा लागु गरी सोही अनुसार घरनक्सा स्वीकृती दिदै आएको भएता पनि केही घर धनीहरुका भवन संहिता सम्बन्धि चेतनाको कमीका कारण न.पा. मा पेश भएका नक्सामा उल्लेखित स्ट्रक्चर(Structure) भन्दा केही फरक किसिमले घर निर्माण गरेको करणबाट भवन संहिता मापदण्ड अनुसार नक्सा स्वीकृत दिन नसकि रहेको र सो भवनहरु (आंशिक मापदण्ड पुरा नभएका) निर्माण भईसकेको अवस्थाका कारण पुनः भत्काई पुनसंरचना ( Restructure) गर्न पनि अवस्था नभएकोले आगामी दिनहरुमा भवन संहितालाई कडाईका साथ कार्याव्यन गर्ने गराउने गरी २०७१ भाद्र मसान्त भित्र प्रकृयामा आईसकेका घरनक्साहरु स्थानीय स्वायत्त शासन ऐनको दफा १६१ को उपदफा ५ मा भएको व्यवस्था बमोजिम लाग्ने दस्तुरको शतप्रतिशत जरिवाना लिई नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

यस कार्यालयले खरीद गरेको नयाँ ट्रेक्टरको मेकानिकल पक्ष अध्ययन निरीक्षण गरी प्रतिवेदन पेश गर्न हेभी इक्वीप्मेण्ट कार्यालय बुटवलबाट खटिएका मे.ई. श्री विजय झा तथा यस कार्यालयबाट लिलाम विक्रि प्रकृया रहेको सवारी साधनहरुको आधारभुत मुल्य कायम गर्ने प्रयोजनका लागी सोही कार्यालयबाट खटीएका मे.ई. श्री दिनेश कुमार कार्कि र सोही कार्यमा खटीएका कोष तथा लेखा नियन्त्रण कार्यालयका कोष नियन्त्रक श्री खगेश्वर घिमिरेलाई पारिश्रमिक वापत प्रतिव्यक्ति रु ५०००।- (पाँच हजार) मात्र दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np